जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १९३ २०८० साल फागुन २१ गते सोमबार (4 Mar. 2024 Monday) मूल्य रु. ५/-

**सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।**

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : प्रिमनसुन अवधि सुरु... ३ पृष्ठमा : राष्ट्रिय गौरवका आयोजनाबारे ... ३ पृष्ठमा भारतले माल्दिभ्सनजिकै सैन्य...

# वडाध्यक्षहरुले तिन दिने अल्टिमेटमसहित कावा नगरप्रमुखलाई बुझाए ज्ञापन



**दैनिक समाचारदाता राजविराज, २० फागुन ।**

आ.ब.२०८०/०८१ को आयब्यव सार्वजनिक गर्नु पर्ने लगायत विभिन्न ८ बुँदे माग अघि सार्दै सप्तरीको शम्भुनाथ नगरपालिकाका वडाध्यक्षहरुले आइतवार कार्यवाहक नगरप्रमुख अनिता कुमारी चौधरीलाई ज्ञापन पत्र बुझाएका छन् ।

कुल १२ वडा रहेको नगरपालिकाका ७ वटा वडाध्यक्षहरुले संयुक्तरुपमा उक्त ज्ञापन पत्र बुझाएको हो ।

ज्ञापनपत्र मार्फत आ.ब.२०८०/०८१ को आयब्यव सार्वजनिक गर्नु पर्नेसहित कर्मचारीहरुको दरबन्दी मिलान गर्नु पर्ने, दुई चौमासिकको कार्यप्रगति विवरण सार्वजनिक गर्नू पर्ने, नगपालिकाको प्रशासनिक खर्च सहितको रेडबुक तथा वेवसाइडमा अभिलेख राख्नु पर्ने, १५ शैयाको अस्पताल निर्माण गर्नू पर्ने लगायतका ८ बुंदे माग अघि सारिएको छ ।

वडा १ का वडाध्यक्ष जिवछ साह, २ का वडाध्यक्ष दुर्गानन्द भगत, ३ का वडाध्यक्ष नविन चौधरी, ५ का वडाध्यक्ष जामुन चौधरी, ६ का वडाध्यक्ष सचेन्द्र चौधरी, ७ का वडाध्यक्ष गोपाल चौधरी र १० का वडाध्यक्ष सत्यनारायण साहद्वारा संयुक्त रुपमा बुझाइएको ज्ञापनपत्र मार्फत तीन दिन भित्र मागँ पुरा नगरिए चरणबद्ध आन्दोलनमा उत्रिने चेतावनी समेत दिइएको छ ।

ज्ञापनपत्र मार्फत यस अघि उक्त मागहरु सम्बोधनका लागी पटक/पटक कार्यवाहक मेयर चौधरीसँग वार्ता गर्दा रुखो ब्यवहार

*बाँकी अन्तिम पृष्ठमा*

# स्यानिटरी प्याड प्रकरणमा मेयर र उपमेयरसहित नौजनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर

**दैनिक समाचारदाता जनकपुरधाम, २० फागुन ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्यानिटरी प्याड खरिद प्रकरणमा धनुषाको सहिदनगर नगरपालिकाका तत्कालिन मेयर र उपमेयरसहित नौजनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आर्थिक वर्ष २०७७/०७८ मा सार्वजनिक खरिद ऐन नियमावलीविपरीत खरिद सम्झौता गरी भुक्तानी गरेको भन्दै अख्तियारले तत्कालीन मेयर, उपमेयरसहित नौजनाविरुद्ध मुद्दा दायर गरेको हो ।

नगरपालिकाले २०७७ फागुन १९ गते रेजा ट्रेडिङ्ग प्रालिसँग स्यानिटरी प्याड खरिदका लागि सम्झौता गरेको थियो । तर, रेजा ट्रेडिङ्गले त्यसअघि नै स्यानिटरी प्याड आपूर्ति गरेको र नगरपालिकाले समेत सम्झौता अगावै भुक्तानी गरेको अख्तियारको दाबी छ ।

शिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित भएको भनिएको २०७७ माघ २२ को राष्ट्रिय दैनिक पत्रिका रेजा टुडेमा नगरपालिकाको कुनै सूचनासमेत प्रकाशित नभएको अख्तियारले जनाएको छ ।

उक्त कार्यमा संलग्न भएको आरोपमा अख्तियारले तत्कालीन नगर प्रमुख उदयकुमार यादव, उपप्रमुख शिलादेवी कापर, प्रमुख प्रशासकीय अधिकृत शत्रुघ्न यादव, लेखापाल लोकबहादुर नेपाली, जिन्सी शाखा प्रमुख

*बाँकी अन्तिम पृष्ठमा*

# समाजवादी किसान महासंघ मधेश प्रदेश समिती गठन



**दैनिक समाचारदाता राजविराज, २० फागुन ।**

जसपा निकट समाजवादी किसान महासंघ मधेश प्रदेश समिती गठन भएको छ । प्रदेश समितिको राजविराजमा आईतवार वसेको प्रथम बैठकले हरेराम यादवको अध्यक्षतमा ३१ सदस्यीय निर्विरोध नयाँ कार्य समिति चयन गरेको हो ।

समितिको बन्द सत्रले उपाध्यक्षमा मनोज कुमार सिंह, अरुण कुमार यादव, डम्बर कुमारी न्यौपाने, मुख्य सचिवमा श्रीराम गीरी, सचिवमा मो. सविर अली र कोषाध्यक्षमा जयन्ति देवीलाई निर्विरोध चयन गरेको छ ।

यसैगरी सदस्यहरुमा अयोधि प्रसाद यादव, अंगत प्रसाद साह, जिवछ यादव, चनर देव खंग, जगदिश यादव, श्रीलाल यादव, राम देव यादव, चन्देश्वर यादव, राजोपित यादव, मानन चौधरी, संजय सिंह, कविता महतो, ललित नारायण महतो, रामसुखित यादव, हरिगोपाल यादव, सुधिर यादव, अरुण यादव, युगल किशोर कापर, रामचन्द्र कलवार, राम किशुन राय, गौरी राय, भिखारी राउत कुर्मी र श्याम बावु प्रसाद चयन भएका छन् ।

सो अवसरमा समाजवादी किसान संघका राष्ट्रिय अध्यक्ष संजय सिंह तथा जसपा नेपालका राजनीति समिति सदस्य शैलेन्द्र साहको विषेश उपस्थिती रहेको थियो. ।

निर्विरोध चयन भएका समितिका नवनिर्वाचित पदाधिकारीहरुले कृषि क्षेत्र तथा किसानका समस्या समाधानका लागी आफूहरुले काम गर्ने प्रतिबद्धता जनाएका छन् ।

बन्द सत्रमा मधेश प्रदेशका ८ वटै जिल्लाका १ सय २० जना किसान प्रतिनिधी सहभागी भएको जनाइएको छ ।

जसपा निकट समाजवादी किसान महासंघको प्रथम प्रादेशिक भेलाको यस अघि अघिल्लो दिन शनिवार जसपा अध्यक्ष उपेन्द्र यादवले उद्घाटन गरेका थिए ।

**बोलबम । बोलबम ।। बोलबम ।।।**





**यही मिति २०८० साल फाल्गुन २५ गते महाशिवरात्री पर्व पर्न गएको हुँदा सो अवसरमा सप्तकोशी ब्यारेजको पवित्र जल काँवरमा ल्याई प्राचीन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिरमा जल रिसाल गरी पूण्यको भागी बनौं ।**

**अनुरोधकर्ता**

**श्री हरिनन्देश्वर महादेव मन्दिर संरक्षण, सम्बर्द्धन समिति, राजविराज**

**मोवाइलको लतबाट बालबालिकालाई बचाऔं**

- मोवाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युझंने समस्या देखिन सक्छ,
- मोवाइलको लतले बालबालिकाको मानसिक तथा शारिरीक विकासमा नै असर पुर्‍याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरुको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,

**अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोवाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोवाइलको कम प्रयोग गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सकारात्मक व्यवहार जरुरी

अहिले सासु, ससुरा र बुहारी तथा श्रीमान् श्रीमती बीच घरायसी विवादहरु बढ्दै गएको छ । यसकारणले विभिन्न वहानामा आफन्तबाटै हुने घरेलु महिला हिंसाका घटनाहरु झनै जटिल हुँदै गएको छ । यी घरायसी विवादहरु बढ्दै जाँदा अदालतसम्म पुग्ने गरेका छन् । ती मध्ये बुहारीलाई कुनै न कुनै बहानामा घर निकाला गर्ने घटनाहरु समेत बढ्दै गएको छ ।

विगतका दिनहरुमा जिल्लामा पारिवारिक भन्दा बढी छरछिमेकबाट हुने महिला हिंसाका घटनाहरु सार्वजनिक हुने गर्दथ्यो । तर, अहिले महिला हिंसा आफ्नै परिवारका सदस्यहरुबाट भइरहेकोप्रति चेतनाको कमी वा अन्य कारण हुन सक्छ । यसरी घरायसी विवादले ठूलो रुप लिंदा समाजदेखी अदालतसम्मको शरणमा पुग्नु आफैमा दुर्भाग्य हो । यस्ता घटनाहरुप्रति परिवार आफै सचेत हुनु आवश्यक छ । यस्ता विवादले कसैको भलो नहुने भएकाले कानुनको शरणमा पुग्नु पर्ने बाध्यात्मक अवस्था सृजना हुन नदिन पारिवारिक मेलमिलाप अत्यन्त आवश्यक छ । परिवारकै सदस्यबाट हुने महिला हिंसाका घटनाहरु सप्तरीमा विगतका दिनहरुमा एक दर्जन पुगेको छ ।

यस्ता घटनाहरु न्युनिकरणका लागि पारिवारिक सदस्यहरुबीचको मनमुटावको दुरी कम र एकले अर्काप्रति सम्मानजनक व्यवहार गर्नु अति आवश्यक छ । अनिमात्र यस्ता घटनाहरुलाई न्युनिकरण गर्न सकिन्छ । अथवा यस्ता घटनालाई जडैबाट उखाल्न पारिवारिक सदस्यहरुबीच सकारात्मक व्यवहार जरुरी छ । तसर्थ एकले गर्ने गल्तिलाई सुधार गर्नेतर्फ ध्यान दिनु पर्ने पनि आवश्यक छ भने अर्कोले गर्ने व्यवहारलाई सकारात्मक रुपमा प्रस्तुत हुनु नै विकल्पको रुपमा लिन सकिन्छ ।


**डाक्नेश्वरी नगरपालिका**
**Dakneshwori Municipality**
**नगर कार्यपालिकाको कार्यालय**
**Office of the Municipal Executive**
पातो, सप्तरी
Pato, Saptari

website: dakneshworimun.gov.np
email: info@dakneshworimun.gov.np
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

प.स.: २०८०/०८१ मिति: २०८०।११।२०
च.नं.

**विषयः नगर प्रहरीको ड्रेस लगायत अन्य सरसमान शिलबन्दी दररेट पेश गर्ने सम्बन्धी सूचना ।**

दोश्रो पटक प्रकाशित मितिः २०८०।११।२१ गते

श्री सम्पूर्ण इजाजतप्राप्त फर्म/सप्लायर्सहरु ।

उपरोक्त सम्बन्धमा यस डाक्नेश्वरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालयलाई आ.ब. २०८०/०८१ को लागि तपसिलमा उल्लेखित नगर प्रहरीहरुको ड्रेस लगायत अन्य सामानहरुको दररेट निर्धारण गरी सामान खरिद गर्नुपर्ने भएकोले प्रथम पटक प्रकाशित मिति २०८०।११।१० गतेमा कुनै कम्पनी/फर्म तथा सप्लायर्सहरुले दररेट पेश नगरेको हुँदा पुनः दोश्रो पटक मिति २०८०।११।२१ गते प्रकाशित सूचनामा स्पेसिफिकेशन Modify गरिएको छ । प्रकाशित भएको मितिले ५ दिन भित्र प्रति एकाई दर रेट खुलाई खाम शिलबन्दी गरी यस कार्यालयको जिन्शी शाखामा बुझाउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**सामानहरुको सूची**

| क्र.सं. | सामानको नाम | स्पेशिफिकेशन | एकाई | दररेट (रु.) | अक्षरेपी . | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | नगर पुलिस चुस्ता ड्रेस | Fantastic Suiting Dress फेब्रिक | सेट | | | |
| २. | बेल्ट | नाईलन | थान | | | |
| ३. | सिटी कार्ड र सिटी | नाईलन | पिस | | | |
| ४. | डि.एम.एस. सुज | पि.वि.सि.सोल जग्रेन, सि.जी. छाला | जोडी | | | |
| ५. | मौजा (जुराफ) | Black, Blue कटन | जोडी | | | |
| ६. | पि.टी. ड्रेस | हाप पेन्ट र टि सर्ट | सेट | | | |
| ७. | सुपरपोली ट्र्याकसुट | सुपरपोली फ्रेब्रिक | सेट | | | |
| ८. | व्याटन | ३६ इन्च | पिस | | | |
| ९. | व्यारेट क्याप | आर्मी ग्रिन | पिस | | | |
| १० | पिटी सुज | पिटी जुत्ता | जोडी | | | |
| ११ | मोजा | Navy Black | जोडी | | | |

**महत्वपूर्ण नोटः**

१. आ.ब. २०७९/०८० सम्म फर्मको कर चुक्ता भएको हुनुपर्नेछ ।IRD वेबसाइटमा फर्म खोजी गर्दा Active भएको हुनुपर्नेछ ।
२. प्यानमा उल्लेख गरिएको कारबारको आधारमा यस सूचनामा मिल्ने शीर्षकको दर रेट मात्र पेश गर्नुपर्ने छ । उदाहरणको लागि प्यानमा स्टेशनरी कारोबार मात्र उल्लेख गरिएको फर्मले स्टेशनरी सम्बन्धी सामानको दर रेट मात्र उल्लेख गर्नुहोला ।
३. आ.ब. २०८०/०८१ भित्र कार्यालयलाई आवश्यक परेको खण्डमा यहाँले उल्लेख गरेको दर रेटको आधारमा सामान सप्लाई गर्नुपर्नेछ
४. मु.अ.कर बाहेक दररेट उल्लेख गर्नुपर्नेछ ।
५. यस कार्यालयमा सप्लाय फर्मलाई अनिवार्य रुपमा सूची दर्ता गर्नुपर्नेछ साथै। व्यवसाय दर्ता लिएको तथा व्यवसाय दर्ता भएमा सोको नवीकरण गरेको हुनुपर्नेछ ।
६. यस सूचना तालिकामा उल्लेख भए अनुसार दर रेट उल्लेख गरेर कैफियतको महलमा सामानको कम्पनीकोनाम भर्नु होला साथै पछाडी पानामा फर्मको छाप तथा हस्ताक्षर सहित खाम बन्दी गरेर जिन्सी शाखामा पेश गर्नुपर्नेछ ।
७. दररेट सँगै नमूना (Sample) को रुपमा एक-एक थान उपलब्ध गराउनु पर्नेछ ।

**बोधार्थः**

(१) सूचना तथा प्रविधि शाखा
डाक्नेश्वरी नगरपालिकाको वेबसाइट तथा आधिकारीक फेसबुक पेजमा अपलोड गर्नुहुन ।
(२) नगर प्रमुखको सचिवालय - जानकारीको लागि

............................
कुन्दन कुमार कर्ण
प्रमुख प्रशासकीय अधिकृत



**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569


## प्रिमनसुन अवधि सुरु, देशभर बदली हुने

काठमाडौं, २० फागुन (रासस) ।

नेपालमा हिउँद सकिएर हालै मात्र प्रिमनसुनको अवधि सुरु भएको छ । आकलन गरिएभन्दा कम चिसो र कम पानी परेर यसपालीको हिउँद सकिएको हो ।

हिउँद सकिएर प्रिमनसुनको अवधि यही शुक्रबारदेखि सुरु भए पनि प्रिमनसुन सक्रिय हुन भने केही दिन लाग्ने जल तथा मौसम विज्ञान विभागले जनाएको छ । प्रिमनसुन अवधि सुरु भएपछिको आइतबारको यो पहिलो मौसम बदली हो ।

मुख्यगरी पश्चिमी वायु र अरेबियन सागरको जलवाष्पयुक्त हावाका कारणले अहिले मौसममा बदली आएको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् रोजन लामिछानेले जानकारी दिनुभयो ।

उहाँका अनुसार अहिले लुम्बिनी, बागमती, गण्डकी, कर्णाली प्रदेशमा बढी बदली रहेको छ । सुदूरपश्चिम, कोशी र मधेशमा कम बदली रहेको भन्दै यो सदैं गएकाले ती क्षेत्रमा पनि बदली हुने लामिछानेले बताउनुभयो । यो क्रम आइतबार रातिसम्म बढ्दै जाने र भोलिदेखि क्रमशः मौसममा सुधार हुने लामिछानेले जानकारी दिनुभयो । आइतबार राति पश्चिमी भू-भागमा बढी बदली हुने उहाँको भनाइ छ ।

काठमाडौंमा आइतबार विहानैदेखि हल्का वर्षा भइरहेको छ । गत मङ्सिर १६ गतेदेखि फागुन १७ गतेसम्मको अवधि यस वर्षको हिउँदको समय थियो । हिउँदले बिदा लिए पनि अझै पश्चिमी वायुको प्रभाव बाँकी नै रहेको महाशाखाले जनाएको छ ।

# राष्ट्रिय गौरवका आयोजनाबारे प्रधानमन्त्रीलाई 'ब्रिफिङ'

काठमाडौँ, २० फागुन (रासस)। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगतिबारे भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अधिकारीहरूसँग छलफल गर्नुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा आइतबार प्रधानमन्त्रीले भौतिक योजना तथा यातायातमन्त्री प्रकाश ज्वाला, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशव शर्मा, विभागीय प्रमुख र मन्त्रालयका सहसचिवहरू छलफल गर्नुभएको हो।

प्रधानमन्त्रीले राष्ट्रिय गौरवका आयोजनाहरूको आफूले नियमित अनुगमन गरिरहेको जानकारी दिँदै आयोजनाको लागत बढेमा स्वयं आयोजना प्रमुखहरू नै जिम्मेवार हुनेगरी कार्यसम्पादनको व्यवस्था मिलाउन निर्देशन दिनुभयो।

प्रधानमन्त्रीले उत्तरदक्षिण ( कोशी करिडोर) खाँदबारी-किमाथाङ्का सडक योजना, कालीगण्डकी करिडोर र कर्णाली करिडोरको प्रगतिबारे भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अधिकारीबाट जानकारी लिनुभएको थियो।

कोशी करिडोरको भौतिक प्रगति ३२ प्रतिशत, वित्तीय प्रगति पनि ३२ प्रतिशत नै रहेको जानकारी दिँदै सचिव शर्माले सडक निर्माणको काममा प्रगति भइरहेको जानकारी दिनुभयो।

उत्तर दक्षिण (कालीगण्डकी करिडोर) सडक योजनाको ६३ प्रतिशत भौतिक प्रगति र ५५.७ प्रतिशत आर्थिक प्रगति रहेको जानकारी दिँदै उहाँले स्रोत व्यवस्थापनको सीमितताका कारण अपेक्षित प्रगति हासिल नभएको बताउनुभयो। उत्तर दक्षिण (कर्णाली करिडोर) सडक योजनाको भौतिक र वित्तीय प्रगति सन्तोषजनक रहेको जानकारी पनि उहाँले दिनुभयो।

प्रधानमन्त्रीले विगत २५० वर्षमा भएको भौतिक र मानवीय प्रगतिभन्दा गणतन्त्रपछि भएको प्रगति निकै उत्साहप्रद रहे पनि त्यसबारे आम नागरिकमा यथार्थ सम्प्रेषण गर्नुपर्नेमा जोड दिनुभएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ।

प्रधानमन्त्रीले भन्नुभयो, "पछिल्लो १५ वर्षमा भौतिक एवं मानवीय विकासका क्षेत्रमा राम्रा काम भएका छन् तर जनतामा सही ढङ्गले सम्प्रेषण गर्न नसक्दा निरासाजस्तो देखिएको छ। यति धेरै काम भएको जानकारी हामीले जनतालाई दिनुपर्छ, उनीहरूलाई सही ढङ्गले प्रशिक्षित गर्नुपर्छ।"

उहाँले विकास आयोजनाका कामलाई उच्च प्राथमिकता दिन र आयोजना प्रमुखहरूलाई परियोजनास्थलमा नै बसेर काम गर्ने वातावरण बनाउन मन्त्री ज्वालालाई निर्देशन दिनुभयो। प्रधानमन्त्रीले भन्नुभयो, "विकास आयोजनाका काममा हामी सबैले उच्च प्राथमिकता दिनुपर्छ। सरकार, मन्त्रालय र आयोजनाले निर्धारित काम तोकिएको समयमा पुरा नगर्दा आयोजनाको लागत बढ्दै गएको छ। तसर्थ, यो बेथिति अन्त्य गर्न गम्भीर भएर लाग्नुस्।"

# संस्थापकको टुङ्गो लगाउन विज्ञहरूले प्रमाणित तथ्य र इतिहास अध्ययन गर्ने

काठमाडौँ, २० फागुन (रासस)। नेपाल पत्रकार महासङ्घले जिल्ला, प्रदेश र केन्द्रको अविलम्ब सदस्यताको अन्तिम टुङ्गो लगाउने निर्णय गरेको छ। महासङ्घको सम्पन्न केन्द्रीय समिति बैठकले समयसीमाभित्रै महाधिवेशन गर्ने निर्णय गरेको हो।

महासङ्घको संस्थापकका सवालमा नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) ले उठाएको मागबारे अध्यक्षकै नेतृत्वमा विज्ञहरू सम्मिलित समितिले प्रमाणित तथ्य र इतिहास अध्ययन गर्ने निर्णय गरिएको केन्द्रीय सदस्य शान्तराम बिडारीले जानकारी दिनुभयो।

जिल्ला, प्रदेश र केन्द्रको महाधिवेशन कार्यतालिकाको मिति अर्को हप्ता उपलब्ध केन्द्रीय समिति बैठक बसेर तोक्ने निर्णय गरेको बैठकले कान्तिपुर प्रकाशन गृहमा देखिएको श्रम समस्या समाधानका लागि वार्ता र सङ्घर्ष दुवैलाई सँगसँगै लैजाने निर्णय गरेको छ।


तिरहुत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोईठी, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या :२०८०/०८१ मिति : २०८०/११/२०
चलानी नं. :

सूचना ! सूचना !! सूचना !!!

उपभोक्ता समिति गठन गर्ने सम्बन्धी सूचना।
सूचना प्रकाशित मिति : २०८०/११/२१

उपरोक्त सम्बन्धमा तिरहुत गाउँपालिका कार्यालयको आ.व. २०८०/०८१ को गाउँ सभावाट स्वीकृत तपसिल बमोजिमको गा.पा. स्तरीय योजनाहरुंको उपभोक्ता समिति गठन देहायको मिति, समय र स्थानमा आम भेला वाट उपभोक्ता समिति र अनुगमन समिति गठन गरिने भएकोले सम्वन्धित सवै सरोकारवालाहरुलाई उपस्थितिको लागी यो सुचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

| क्र. स | योजना /कार्यक्रमको नाम | कार्यान्वयन स्थान | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | | |
|---|---|---|---|---|---|---|
| | | | | मिति | समय | स्थान |
| १ | मलगवी बाबा स्थानमा अधुरो मण्डप निमांण गर्ने कार्य , वडा नं - ०४ | तिरहुत -०४ | ३०००००।०० | २०८०।१२।०५ | १०:०० बजे | मलगवी बाबा स्थानमा |
| २. | महन्थी महतोको जग्गा देखी २०० मिटर पश्चिम सम्म किसुन देव महतोको जग्गा सम्म माटो ग्राभेल कार्य , वडा नं - ०५,लोहजरा | तिरहुत -०५ | ३०००००।०० | २०८०।१२।०५ | ०२:०० बजे | महन्थी महतो घर नजिक |
| ३. | लोहजरा धता टोलमा अधुरो हनुमान मन्दिर निर्माण कार्य वडा नं - ०५,लोहजरा | तिरहुत -०५ | ७०००००।०० | २०८०।१२।०५ | १०:०० बजे | हनुमान मन्दिर नजिक |
| ४ | अधुरो मां भगवती मन्दिर निर्माण कार्य वडा नं - ०३,गोईठी | तिरहुत -०३ | ७०००००।०० | २०८०।१२।०६ | १०:०० बजे | भगवती मन्दिर नजिक |
| ५. | धौनकी चौकमा रहेको अधुरो सोसिया महराजको मन्दिर निर्णमा कार्य वडा नं. ५ लोहजरा | तिरहुत -०४ | ७०००००।०० | २०८०।१२।०६ | ०२:०० बजे | धौनकी चौकमा |
| ६. | महेन्द्र सेठको घर देखि बाबा बनसखन्डी मन्दिर सम्म बाटो निर्माण तथा होम पाईप जडान तथा कलभर्ट निमार्ण कार्य वडा नं. ५ | तिरहुत -०५ | १०, ०००००।०० | २०८०।१२।०६ | ११:०० बजे | महेन्द्र सेठको घर अगाडि |


## विश्व समाचार

### भारतले माल्दिभ्सनजिकै सैन्य शिविर स्थापना गर्दै

नयाँदिल्ली, २० फागुन (रासस/एएफपी)।

भारतीय नौसेनाले 'रणनीतिक रूपमा महत्वपूर्ण' माल्दिभ्सको नजिकका टापुहरूमा सेनालाई बलियो बनाइरहेको बताएको छ। मालेले भारतीय सेनालाई घर पठाउन सुरु गर्नुभन्दा केही दिन अघि नै नयाँ शिविर खुल्ने भारतीय सेनाले जनाएको छ।

चीन निकट मानिने मालदिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जुले गत वर्ष भारतीय सेनालाई फिर्ता पठाउने वाचा गरेर चुनाव जितेपछि भारत र माल्दिभ्सबीचको सम्बन्धमा तिक्तता आएको छ।

पूर्व-पश्चिम अन्तर्राष्ट्रिय जल मार्गमा फैलिएको उक्त द्वीपसमूहमा चीनको बढ्दो उपस्थितिप्रति भारत सशङ्कित रहेको र नयाँ शिविरले उक्त क्षेत्रमा नयाँ दिल्लीको 'जानकारी पहिचान गर्ने निगरानी' लाई विस्तार गर्ने भारतीय नौसेनाले शनिबार एक विज्ञप्तिमार्फत् जानकारी गराएको छ।

मुइज्जुले भारतलाई माल्दिभ्समा रहेका ८९ जना सुरक्षाकर्मीलाई फिर्ता बोलाउन आग्रह गर्नुभएको छ। भारतीय योजना अनुसार पहिलो जत्था मार्च १० भित्र भारत प्रस्थान गर्ने र सबै दुई महिनाभित्र स्वदेश फिर्ता हुनेछन्।

भारतको लक्षद्वीप टापुमा मार्च ६ मा खुल्ने नयाँ सैन्य शिविरले विद्यमान सानो टुकडीलाई 'स्वतन्त्र नौसैनिक एकाइ' मा परिणत गर्नेछ।

भारतको लक्षद्वीप टापु माल्दिभ्सबाट लगभग १३० किलोमिटर उत्तरमा अवस्थित छ र मिनिकोय टापुमा नयाँ नौसैनिक शिविर रहेको छ।

भारतीय नौसेनाको लक्षद्वीप टापु कवारत्तीमा पहिलेदेखि नै शिविर छ, तर नयाँ शिविर माल्दिभ्सबाट लगभग २५८ किलोमिटर (१६० माइल) नजिक हुनेछ।

"मिनिकोय लक्षद्वीपको सबैभन्दा दक्षिणी टापु हो, जसले सञ्चारको महत्वपूर्ण समुद्री रेखालाई समेटेको छ," भारतीय नौसेनाले भनेको छ।

यस शिविरले समुद्री डकैती र लागुऔषध विरोधी अभियानलाई बढावा दिने छ र यो 'रणनीतिक रूपमा महत्त्वपूर्ण' टापुहरूमा सुरक्षा पूर्वाधार बढाउने नीतिको एक भाग हो।

### पाकिस्तानको प्रधानमन्त्रीमा सरिफको पुनरागमन

इस्लामावाद (पाकिस्तान), २० फागुन (रासस/एएफपी)।

पाकिस्तानी राजनीतिमा गठबन्धन सरकारको नेतृत्व गर्दै पूर्वप्रधानमन्त्री शहबाज सरिफ पाकिस्तानको राष्ट्रिय सभा (नेशनल एसेम्ब्ली) बाट दोस्रो कार्यकालका लागि प्रधानमन्त्री निर्वाचित हुनुभएको छ।

पाकिस्तान मुस्लिम लिग-नवाज (पीएमएल-एन) का अध्यक्ष तथा नवगठित आठ दलीय गठबन्धनका नेता सरिफलाई दोस्रो पटक प्रधानमन्त्री बन्न भारी मत मिलेको छ।

साथै, जेलमा रहेका विपक्षी नेता इमरान खानका अनुयायीलाई सरकारमा पुग्न नदिन गठबन्धनलाई सफलता मिलेको छ।

पाकिस्तानको नेशनल एसेम्बलीमा नवनिर्वाचित २०१ सांसदले सरिफको पक्षमा मतदान गरेका छन् भने पूर्वप्रधानमन्त्री खानप्रति वफादार सांसदहरूको उम्मेदवारका रूपमा प्रधानमन्त्रीको नेतृत्वको दावी गरेका ओमार अयूब खानले ९२ मत प्राप्त गर्नुभएको छ।

निर्वाचनको परिणाम घोषणा गर्दै नेशनल एसेम्बलीका नवनियुक्त सभामुख सरदार अयाज सादिकले भन्नुभयो, "शहबाज सरिफ इस्लामिक गणतन्त्र पाकिस्तानको प्रधानमन्त्रीमा निर्वाचित हुनुभएको छ।"

### रुसी आक्रमणमा ११ को मृत्युपछि जेलेन्स्कीद्वारा पश्चिमी हवाई रक्षाका लागि आग्रह

किएभ (युक्रेन), २० फागुन (रासस/एएफपी)।

रुसी क्षेप्यास्त्र, ड्रोन र तोप हमलामा कम्तीमा ११ जनाको मृत्यु भएपछि युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले शनिबार पश्चिमी मुलुकहरूसँग थप हवाई-रक्षा प्रणाली चाँडो उपलब्ध गराउन आह्वान गर्नुभएको छ।

दक्षिणी बन्दरगाह सहर ओडेसामा रातभर भएको ड्रोन हमलामा एक बालक र एक शिशुसहित आठ जनाको मृत्युको पुष्टि भएको एक क्षेत्रीय अधिकारीले बताउनुभएको छ। उत्तरपूर्वी खार्किभ तथा दक्षिणमा खेरसन र जापोरिजियाको सीमावर्ती क्षेत्रहरूमा भिन्नाभिन्नै गोलाबारी हमलामा अन्य तीन जना मारिएको युक्रेनी अधिकारीहरूले जानकारी दिएका छन्।

"रुसले लगातार नागरिकहरूमाथि हमला गरिरहेको छ", राष्ट्रपति जेलेन्स्कीले सामाजिक सञ्जालमा भन्नुभयो, "हामीलाई हाम्रा साझेदारहरूबाट थप हवाई प्रतिरक्षा आवश्यक छ, हामीलाई आफ्ना नागरिकहरूलाई रुसी आतङ्कबाट थप सुरक्षा प्रदान गर्नका लागि युक्रेनी हवाई ढाललाई बलियो बनाउन आवश्यक छ, थप हवाई-प्रतिरक्षा प्रणालीका लागि थप क्षेप्यास्त्रले जीवन बचाउँछ।"

अमेरिकी कांग्रेसमा ६० अर्ब डलरको महत्त्वपूर्ण सहायता प्याकेज अड्किएकाले युक्रेन अहिले दुई वर्षको युद्धमा 'ब्याकफुट' मा छ।

"रुसी 'आतङ्कवादीहरू'को हमलामा ओडेसामा नौ तले एउटा भवन क्षतिग्रस्त भएको छ", गृहमन्त्री इगोर क्लिमेङ्कोले शनिबार एक टेलिग्राम पोस्टमा भन्नुभयो। करिब १० जना बेपत्ता छन् र एक सय उद्धारकर्मी रातभर खोजी तथा उद्धार कार्यका लागि तयारी अवस्थामा छन्।

घटनास्थलको फुटेजमा एउटा आवासीय भवनको धेरै तला भत्किएको र भवनको अग्रभाग बिग्रिएको देखाइएको छ। युक्रेनको हवाई सेनाले उसले खसालेको रुसी ड्रोनको भग्नावशेष ओडेसा र खार्किभ दुवै स्थानका आवासीय भवनहरूमा खसेको बताएको छ।

# समयसापेक्ष संविधान संशोधन जरुरी : पूर्वराष्ट्रपति यादव

मोरङ, २० फागुन (रासस)।

पूर्वराष्ट्रपति डा रामवरण यादवले वर्तमान नेपालको संविधान समयसापेक्ष संशोधन हुनुपर्नेमा जोड दिनुभएको छ।

सुशील कोइरालाको आठौँ स्मृति दिवसका अवसरमा सुशील कोइराला फाउण्डेशनको आयोजनामा शनिबार यहाँ आयोजित 'संविधान कार्यान्वयनका चुनौती र आजको राजनीति' विचारगोष्ठी कार्यक्रममा उहाँले वर्तमान संविधान जारी गर्न स्व कोइरालाको महत्त्वपूर्ण भूमिका रहेको चर्चा गर्नुभयो।

"वर्तमान संविधान जारी हुनुमा निष्ठावान र इमान्दार राजनीतिज्ञ तत्कालीन प्रधानमन्त्री कोइरालाको भूमिका महत्तवपूर्ण छ। उहाँ अनुशासित एवं तपस्वी नेता हुनुहुन्थ्यो", पूर्वराष्ट्रपति यादवले भन्नुभयो।

त्यस अवसरमा पूर्वसभामुख दमननाथ ढुङ्गानाले संविधान कार्यान्वयनमार्फत राष्ट्रिय आवश्यकता पूरा गर्नुपर्ने भन्दै त्यसको जिम्मेवारी नेपाली कांग्रेसको काँधमा आएको धारणा राख्नुभयो। उहाँले तत्कालीन समयमा धेरैले वर्तमान संविधान जारी गर्नबाट रोक्ने प्रयास गरेको उल्लेख गर्दै तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको सफल नेतृत्वकै कारण संविधान जारी भएको बताउनुभयो।

पूर्वमन्त्री दिलेन्द्रप्रसाद बडूले लामो सङ्घर्ष र सफल नेतृत्वका कारण संविधानमा बहुलवाद, आवधिक निर्वाचन, स्वतन्त्र न्यायपालिकालगायतका विषय समावेश गर्न सफल भएको स्मरण गर्नुभयो। उहाँले संविधानमार्फत व्यवस्था परिवर्तन भए पनि अवस्था परिवर्तन नभएकाले समयसापेक्ष संविधान संशोधन जरुरी रहेको बताउनुभयो।

संविधानसभा सदस्य एवं पूर्वमन्त्री रोमी गौचनले संविधान सम्झौताको दस्तावेज भएकाले समयअनुसार संशोधन गर्दै सबैका लागि स्वीकार्य बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले स्व कोइराला एक इमान्दार नेता हुनुहुन्थ्यो भन्दै वर्तमान संविधान जारी गर्न नेतृत्वदायी भूमिका निर्वाह गरेको चर्चा गर्नुभयो।

राजनीतिक विश्लेषक प्रा कृष्ण हाछेथुले स्व कोइराला दूरदर्शी नेता भएकाले संविधान जारी हुनसकेको बताउनुभयो। उहाँले संविधानलाई गतिशील बनाउन समयसापेक्ष संशोधन पनि जरुरी भएको उल्लेख गर्नुभयो।

फाउण्डेशनका अध्यक्ष मृदुला कोइरालाले स्व कोइराला लोकतन्त्रको लडाइँमा अग्रणी भूमिका निर्वाह गर्नुका साथै दलका नेताहरुलाई एक ठाउँमा ल्याई संविधान जारी गर्न सफल हुनुभएको चर्चा गर्नुभयो।

### *वडाध्यक्षहरुले तिन ...*

देखाएको उल्लेख गर्दै आपत्ती सहित त्यस्तो गल्ती सच्याउन तथा माफी माग्न समेत माँग गरिएको छ।

शम्भुनाथ नगरपालिकाका मेयर र उपमेयर दुबै नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी)ले जितको छ। मेयर जितेन्द्र प्रसाद गुप्ता विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विषेश अदालतमा भ्रष्टाचार मुदा दायर गरेपछि उनी हाल निलम्बीत अवस्थामा छन्। मेयर निलम्बित भएपछि हाल उपमेयर चौधरी कार्यवाहक मेयर भई नगरपालिका चलाउदै आएकी छिन्।

# सरकार र केन्द्रीय दुग्ध सहकारी सङ्घबीच पाँच बुँदे सहमति

काठमाडौँ, २० फागुन (रासस)।

सरकार र केन्द्रीय दुग्ध सहकारी सङ्घबीच शनिबार भएको वार्तामा पाँच बुँदे सहमति भएको छ।

कृषि तथा पशुपक्षी विकासमन्त्री डा बेदुराम भुसालको उपस्थितिमा .शनिबार साँझ भएको वार्तामा दूध बिक्री गरेबापत किसानले पाउने रकमको भुक्तानी हरेक उद्योगीले आगामी चैत २१ सम्म गरिसक्नेलगायतका पाँच बुँदे सहमति भएको केन्द्रीय दुग्ध सहकारी सङ्घका अध्यक्ष अमरबहादुर कुँवरले जानकारी दिनुभयो।

उहाँका अनुसार उद्योगले सहकारीबाट खरिद गरेको दूधको परिमाणलाई नघटाई मिल्क होलिडे नहुने गरी दूध खरिद गर्ने, उद्योगीको दूध तथा दुग्धजन्य पदार्थ निर्यातका लागि कृषि तथा पशुपक्षी मन्त्रालयले समन्वय गर्ने, निर्यात प्रवर्द्धनका लागि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा समावेश गर्ने, पशुपालक किसानलाई सरकारले दिँदै आएको बीमा कार्यक्रमलाई निरन्तरता दिने र केन्द्रीय दुग्ध सहकारी सङ्घले राखेका माग सम्बोधनका लागि पहल गर्ने सहमति भएको हो।

वार्तामा कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा रेवतीरमण पौडेल र केन्द्रीय दुग्ध सहकारी सङ्घका अध्यक्ष अमरबहादुर कुँवरलगायतको सहभागिता रहेको थियो।

दूधको भुक्तानी रोकिएको भन्दै सङ्घले यही फागुन ८ गतेदेखि चरणबद्ध आन्दोलन गरिरहेको थियो। अध्यक्ष कुँवरले सहमतिसँगै आन्दोलनका सबै कार्यक्रम स्थगित गरेको जानकारी दिनुभयो।

### *स्यानिटरी प्याड ...*

सुदिपकुमार भट्टराई, स्वास्थ्य संयोजक कपिलदेवप्रसाद अधिकारी, माध्यमिक विद्यालय हट्टीपुरवाहाका तत्कालीन प्रधानाध्यापक श्रीकृष्ण भिनवार, रेजा ट्रेडिङ्ग प्रालिका प्रोपराइटर एवं रेजा टुडे पत्रिकाका प्रकाशक अकवर मंसुरलाई प्रतिवादी बनाएको छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**


# बसको ठक्करबाट एक महिलाको मृत्यु, ६ जना घाइते

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २० फागुन।**

जनकपुरधाम उपमहानगरपालिका २३ विन्धीमा आइतबार स्कूल बसको ठक्करबाट एक महिलाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन्।

एञ्जल्स बोर्डिङ स्कुलको बसको ठक्करबाट ३५ वर्षीया राखी देवी यादवको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

उक्त घटनापछि स्थानीयले ठक्कर दिने बस जलाउने प्रयास गरेपछि प्रहरीसँग झडप समेत हुँदा अवस्था तनावग्रस्त रहेको थियो।

स्थानीयबासिले प्रहरीमाथि नै ढुंगामुढा गर्दा प्रहरीले करिब आधा दर्जन अश्रुग्यास प्रहार गरेको थियो।


## राजविराज नगरपालिका
७ नं. वडा कार्यालय

पत्र संख्या:-२०८०/०८१
च.नं. ११०५

मितिः-२०८०/११/२०

सुचना ! सुचना !! सुचना !!!

**विषयः- उपभोक्ता समिति गठन सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा चालु आ.ब.२०८०/०८१ को नगरस्तरीय योजना अन्तर्गत राजबिराज नगरपालिका वडा नं. ७ स्थित **साकेत पार्क स्तरउन्नती कार्यको** लागी उपभोक्ता समिति गठन गर्नुपरेको हुदा देहाय बमोजिम र मिति,समय र स्थानमा उपभोक्ता समिति गठन कार्य गर्नको निमित सम्बन्धीत सबैको लागी सात (७) दिने यो सुचना प्रकाशित गरिएको व्यहोरा जानकारीको लागी अनुरोध छ।

तपसिल

| सि.नं. | योजना कार्यक्रमको विवरण | वडा नं. | मिति | समय | स्थान |
|---|---|---|---|---|---|
| १. | साकेत पार्क स्तरउन्नती कार्य। | ७ | २०८०/११/२७ | विहान ८ : ०० बजे | योजना स्थल |

सुभाष चन्द्र यादव
वडा अध्यक्ष

## राजविराज नगरपालिका
७ नं. वडा कार्यालय

पत्र संख्या:-२०८०/०८१
च.नं. ११०४

मितिः-२०८०/११/२०

सुचना ! सुचना !! सुचना !!!

**विषयः- उपभोक्ता समिति गठन सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा चालु आ.ब.२०८०/०८१ को नगरस्तरीय योजना अन्तर्गत राजबिराज नगरपालिका वडा नं. ७ स्थित **रिगं रोडको छेउमा रहेको सार्वजनिक बाल उधानमा जिम भवन निर्माण कार्यको** लागी उपभोक्ता समिति गठन गर्नुपरेको हुदा देहाय बमोजिम र मिति,समय र स्थानमा उपभोक्ता समिति गठन कार्य गर्नको निमित सम्बन्धीत सबैको लागी सात (७) दिने यो सुचना प्रकाशित गरिएको व्यहोरा जानकारीको लागी अनुरोध छ।

तपसिल

| सि.नं. | योजना कार्यक्रमको विवरण | वडा नं. | मिति | समय | स्थान |
|---|---|---|---|---|---|
| १. | रिगं रोडको छेउमा रहेको सार्वजनिक बाल उधानमा जिम भवन निर्माण कार्य। | ७ | २०८०/११/२७ | विहान ८ : ०० बजे | योजना स्थल |

सुभाष चन्द्र यादव
वडा अध्यक्ष


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*